# प्रेश बिज्ञप्ती

मिति : २०८०/०६/२१ गते

सङ्खुवासभा जिल्लामा निर्माणाधिन अरुण तेस्रो जलविद्युत परियोजना अन्तर्गत **छ्याङकुटी - दिदिङ - पुखुवा जाने पहुँच मार्गको** जग्गाधनीहरुलाई मुआब्जा दिने भनि नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७८ चैत्र १७ गतेको निर्णय अनुशार निर्धारण भई सकेको मुआब्जा हाल सम्म नपाएको भनि स्थानिय जग्गाधनिहरुवाट सो पहुँच मार्गमा आवागमन हुने परियोजनाका सम्पुर्ण सवारी साधनहरु संचालनमा पुर्ण रोक लगाई स्थानियवासीहरु आन्दोलनरत रहेको आज ३६ औं दिन भएको छ। सो कार्यको परिणाम स्वरुप हाल विद्युत विकास कम्पनीले काम स्थगीत गरेको छ । जसका कारण नेपाल सरकारलाई (P.D.A.)/ विप्पा संझौता वमोजिम दिनु पर्ने क्षतिपूर्तिको रकम अरबौं रुपयाँ घाटा भईसकेको विषयमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

अतः मन्त्रीपरिषद्‌वाट भएको निर्णय वमोजिमको मुआब्जा रकम यहि २०८० सालको वडादसैं अगाडिनै निकासा तथा भुक्तानी गरि परियोजना निर्माणको कार्य सुचारु गर्नुहुन नेपाल सरकार समक्ष जोडदार माग गर्दछौ ।

यदि यस अनुरोधलाई वेवास्था गरि अझै ढिलासुस्ती गरेमा यस क्षेत्रमा अरुण नदिमा निर्माणधिन एवं संचालन हुने अन्य विद्युत परियोजनाहरुको कार्यान्वयनमा समेत नकारात्मक असर पर्ने र अरुण तेस्रो परियोजनाको ४०० के.भि. प्रशारण लाईन समेत कार्यान्वयन गर्न असहज हुन जाने व्यहोरा नेपाल सरकार समक्ष ध्यानाकर्षण गर्दछौं । साथै अरुण तेस्रो परियोजना निर्माणको सिलसिलामा मकालु गाउँपालिका वडा नं. ५ को दोभान, फ्याक्सीन्दा, आम्राङ र सोलाखानी क्षेत्रमा र वडा नं. ३ मा पर्ने नयाँवस्ती फेदीमा सुरुङ मार्ग निर्माणको सिलसिलसिलामा निष्कीएको माटो, ढुंगा लगायतका सामाग्रीहरु थुपारेर राखेको स्थानवाट वर्षात तथा निर्माणको सिलसिलामा विष्फोट भएको विष्फोटनको कम्पन एवं पहिरोको कारण स्थानिय व्यक्तिहरुको जग्गा पुरीनुको साथै क्षति पुगेको हुँदा उक्त स्थानहरुको समेत स्थलगत निरीक्षण गरी ति जग्गावालाहरुलाई उचित क्षतिपूर्ति प्रदान गर्ने तर्फ पहल गरि दिनुहुन जोडदार माग गर्दछौ ।

(ओङदी छिरिङ शेर्पा)
अध्यक्ष
मकालु गाउँपालिका

..........................
(पासाङनुर्बु शेर्पा)
अध्यक्ष
चिचिला गाउँ पालिका
संखुवासभा ।

..........................
(महेश थपलिया)
प्रमुख
खाँदबारी नगरपालिका